# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०१ | सोमवार, २१ वैशाख, २०८३ | Monday, 4 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# बजेट खर्च र राजस्व संकलन दुबैमा कमजोर कर्णाली

काँक्रेविहार संवाददाता
सुर्खेत, २० वैशाख

कर्णाली प्रदेश सरकार चालू आर्थिक वर्ष २०८२/०८३ को नौ महिनासम्म आइपुग्दा बजेट खर्च र राजस्व संकलन दुबैमा कमजोर देखिएको छ। विकास निर्माणलाई तीव्रता दिने उद्देश्यसहित विनियोजन गरिएको पुँजीगत बजेट अपेक्षाअनुसार खर्च हुन नसक्दा प्रदेशको समग्र आर्थिक प्रगति प्रभावित हुने चिन्ता बढेको हो।

प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार चालू आर्थिक वर्षका लागि कूल ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँ बजेट ल्याइए पनि चैत मसान्तसम्म जम्मा २४ दशमलव २१ प्रतिशत मात्रै खर्च भएको छ। अझ चिन्ताजनक पक्ष भनेको विकास बजेटतर्फको खर्च हो, जहाँ नौ महिनामा मात्र १७ दशमलव १६ प्रतिशत खर्च भएको देखिन्छ। आर्थिक वर्ष समाप्त हुन अब तीन महिना मात्रै बाँकी रहँदा अझै ७५ प्रतिशतभन्दा बढी विकास बजेट खर्च हुन बाँकी छ।

विशेषगरी पूर्वाधार निर्माण, सडक, खानेपानी, शिक्षा तथा स्वास्थ्यजस्ता क्षेत्रका योजनाहरू कार्यान्वयनमा ढिलाइ हुँदा खर्चको गति सुस्त बनेको सरोकारवालाहरू बताउँछन्। योजना छनोटमा ढिलाइ, ठेक्का प्रक्रिया जटिल हुनु, समयमै काम सुरु नहुनु र प्रशासनिक कमजोरी खर्च न्यून हुनुका प्रमुख कारणका रूपमा देखिएका छन्।

यता राजस्व संकलनतर्फ पनि प्रदेश सरकार लक्ष्यअनुसार अघि बढ्न सकेको छैन। सरकारले चालू आर्थिक वर्षका लागि ९६ करोड ७४ लाख ११ हजार रुपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको भए पनि नौ महिनामा जम्मा ४८ करोड तीन लाख ९५ हजार ८६२ रुपैयाँ ५८ पैसा मात्रै संकलन भएको छ। यो लक्ष्यको झण्डै आधा मात्र हो।

राजस्व संकलन कमजोर हुनुमा आर्थिक गतिविधि अपेक्षाअनुसार नबढ्नु, कर प्रशासन प्रभावकारी नहुनु तथा करको दायरा विस्तारमा ढिलाइ हुनु प्रमुख कारण रहेको विश्लेषण गरिएको छ। आर्थिक वर्षको अन्त्य नजिकिँदै जाँदा बाँकी बजेट हतारमा खर्च गर्ने प्रवृत्तिले गुणस्तरमा असर पर्ने जोखिम समेत देखिएको हो। यसले दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पार्न सक्ने भन्दै विज्ञहरूले समयमै योजना कार्यान्वयन र प्रभावकारी अनुगमनमा जोड दिएका छन्।

प्रदेश सरकार भने आगामी महिनाहरूमा खर्चको गति बढाउने र राजस्व संकलन सुधार गर्ने दाबी गर्दै आएको छ।

तर विगतका अनुभवले अन्तिम समयमा हुने हतारो खर्चले अपेक्षित परिणाम दिन नसकेको भन्दै सुधारका लागि संरचनागत परिवर्तन आवश्यक रहेको सरोकारवालाहरूको सुझाव छ।




## संरचनागत सुधारमा जोड

मन्त्रालयले आफ्नो कार्यक्षमता अभिवृद्धि तथा सेवा प्रभावकारिता बढाउन विभिन्न नीतिगत तथा संरचनागत सुधारका लागि सुझाव अघि सारेको छ। मन्त्रालयले विशेषगरी निर्माण कार्य, कृषि अनुदान, सीमावर्ती सेवा विस्तार र संस्थागत व्यवस्थापनमा सुधार आवश्यक रहेको औंल्याएको हो।

मन्त्रालयका अनुसार हाल निर्माणसँग सम्बन्धित दक्ष जनशक्ति अभावका कारण भवन तथा पूर्वाधार निर्माणका कामहरू प्रभावकारी रूपमा अगाडि बढ्न सकेका छैनन्। यस अवस्थालाई मध्यनजर गर्दै यस्ता निर्माणसम्बन्धी कार्यक्रमहरू सम्बन्धित विषयगत मन्त्रालयमार्फत बजेट विनियोजन गरेर कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको छ। यसले कार्यसम्पादन सहज र प्रभावकारी हुने अपेक्षा छ।

त्यस्तै, कृषि क्षेत्रमा प्रयोग हुने रासायनिक मलमा संघीय सरकारले उपलब्ध गराउँदै आएको अनुदान प्रणालीलाई पुनर्विचार गरी कर्णाली प्रदेशका लागि प्राङ्गारिक (जैविक) मलमा अनुदान दिने व्यवस्था गर्नुपर्ने प्रस्ताव अघि सारिएको छ। मन्त्रालयले यस विषयमा संघीय सरकारसँग आवश्यक पहल गर्ने जनाएको छ। यस कदमले दीगो कृषि प्रणाली प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सीमावर्ती क्षेत्रको सन्दर्भमा हुम्लाको हिल्सा नाकामा क्यारेन्टाइन कार्यालय स्थापना गर्नुपर्ने आवश्यकता पनि मन्त्रालयले औंल्याएको छ। चीनसँगको व्यापारिक आवतजावत बढ्दो क्रममा रहेकाले पशु तथा कृषि वस्तुको गुणस्तर तथा सुरक्षाको सुनिश्चितताका लागि क्यारेन्टाइन सेवा अत्यावश्यक भएको मन्त्रालयको निष्कर्ष छ।

यसैगरी मन्त्रालय र मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण अद्यावधिक गर्नुपर्ने, हाल सञ्चालनमा रहेका विषादी द्रुत विश्लेषण प्रयोगशाला (हर्रे, सुर्खेत र कपुरकोट, सल्यान) र तरल नाइट्रोजन प्लान्ट तथा रिफरल भेटेरिनरी अस्पताल जस्ता संरचनाहरूलाई समेटेर नयाँ संरचनागत अध्ययन गर्नुपर्ने छ।

साथै यसअघि नीतिगत रूपमा निर्णय भइसकेका मौरी विकास केन्द्र जाजरकोट, सुन्तलाजात फलफूल विकास केन्द्र सल्यान, बाख्रा विकास फर्म दैलेख र चौरी विकास फर्म (डोल्पा) का लागि छुट्टै संगठन तथा व्यवस्थापन सर्वेक्षण आवश्यक रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका यी प्रस्तावहरू कार्यान्वयनमा आएमा कर्णाली प्रदेशको कृषि, पशुपन्छी तथा सहकारी क्षेत्रको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा छ।

## कृषि मन्त्रालयको पनि हालत उस्तै

बजेट खर्च र राजस्व संकलनमा कर्णाली प्रदेश सरकारका अन्य मन्त्रालय जस्तै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको पनि हालत उस्तै छ। यो मन्त्रालयले चालु आर्थिक वर्षको हालसम्म गरेको खर्च तथा राजश्व संकलनको अवस्था सार्वजनिक गरेको हो। उपलब्ध विवरणअनुसार मन्त्रालयले हालसम्म कुल ६४ लाख ३१ हजार रुपैयाँ राजश्व संकलन गरेको छ।

तर विनियोजित बजेट कार्यान्वयन प्रक्रिया अगाडि बढे पनि अपेक्षित गतिमा खर्च भने हुन सकेको छैन। चालु आर्थिक वर्ष २०८२/८३ का लागि चालु र पुँजीगत शीर्षकमा विनियोजन दुई अर्ब ५७ करोड बढि रकममध्ये हालसम्म करिब १७ प्रतिशत मात्रै रकम कार्यान्वयन गरेको छ। तर गत आर्थिक वर्षको यो अवधिमा करिब २९ प्रतिशत बजेट खर्च भइसकेको थियो।

विशेषगरी पुँजीगत खर्चतर्फ सुस्त प्रगति देखिँदा समग्र खर्च प्रतिशत कम रहेको मन्त्रालयले जनाएको छ। त्यस्तै राजश्व संकलनतर्फ पनि लक्ष्यअनुसारको प्रगति हुन नसकेको देखिएको छ। हालसम्म संकलित ६४ लाख ३१ हजार रुपैयाँ राजश्व वार्षिक लक्ष्यको तुलनामा न्यून रहेको छ। कृषि, भूमि व्यवस्थापन तथा सहकारीसँग सम्बन्धित सेवाबाट उठ्ने राजश्वमा अपेक्षित वृद्धि नदेखिएको हो। मन्त्रालयका अनुसार खर्च र राजश्व दुवै क्षेत्रमा सुधार ल्याउन आगामी महिनाहरूमा विशेष योजना कार्यान्वयन गरिनेछ। परियोजनाहरूको कार्यान्वयन तीव्र पार्ने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा राजश्वका नयाँ स्रोत पहिचान गर्ने कार्यलाई प्राथमिकतामा राखिएको मन्त्री विनोद कुमार शाहले बताए। उनका अनुसार बजेट कार्यान्वयनमा देखिएको ढिलाइ, योजना छनोटदेखि प्रशासनिक जटिलता जस्ता कारण खर्च न्यून छ। समयमै योजना सम्पन्न गर्न सके मात्र आर्थिक गतिविधि बढ्ने र राजश्व संकलनमा सुधार आउने उनले बताए। मन्त्रालयले आगामी अवधिमा खर्च दर बृद्धि गर्दै राजश्व संकलनलाई पनि लक्ष्यअनुसार पुऱ्याउने उनको प्रतिबद्धता छ।

# चार मन्त्रालय खारेज हुँदै



काँक्रेविहार संवाददाता
काठमाडौं, २० वैशाख

सरकारले केही मन्त्रालय खारेज र केहीलाई गाभेर नयाँ नाम कायम गर्नेगरी तयारी अघि बढाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय निकट स्रोतले दिएको जानकारी अनुसार, ४ वटा मन्त्रालय खारेज हुँदैछन्।

त्यस्तै, अन्य ६ वटा मन्त्रालयको नयाँ नाम कायम गर्नेगरी काम अन्तिम चरणमा पुगेको स्रोतले अनलाइनखबरलाई बतायो।

'४ वटा मन्त्रालय खारेज भएर ६ वटाको नाम फेरिनेछन्। केहीलाई भने हाल रहेका मन्त्रालयबाट छुट्टाएर प्रधानमन्त्री मातहत नै राखिन्छ,' प्रधानमन्त्री कार्यलय स्रोतले भन्यो, 'सम्भवतः यही हप्ताभित्र यी कामहरू सम्पन्न हुनेछन्।'

यसका लागि सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित ५ सदस्यीय कार्यदल पनि बनाएको थियो।

उक्त कार्यदलले संघमा १७ मन्त्रालय रहने प्रस्ताव गरेको थियो। सोही प्रस्तावमा टेकेर सरकारले यस्तो तयारी गरेको स्रोतले बताएको छ।

**कुन कुन छुट्टिन्छ ? कुन खारेज हुन्छ ?**

सरकारले गरेको तयारी अनुसार युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, शहरी विकास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खारेज गर्ने तयारी रहेको छ।

युवा तथा खेलकुद मन्त्रालयलाई छुट्टाइने छ। खेलकुदलाई शिक्षा मन्त्रालय गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय नाम दिइनेछ।

यसबाट छुट्टिएको युवालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसहित स्वास्थ्य तथा जनसंख्या र सामाजिक सुरक्षा

बाँकी पृष्ठ ४

# सुर्खेत बार एशोसिएसनको नेतृत्व चयन

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २० वैशाख

नेपाल बार एशोसिएसन सुर्खेतको १८ औं वार्षिक साधारणसभा तथा अधिवेशन शनिवार वीरेन्द्रनगरमा सम्पन्न भएको छ। बार एशोसिएसनको साधारण सभा तथा अधिवेशनले नयाँ कार्यसमिति समेत चयन गरेको छ। वीरेन्द्रनगरको बगैंचा रेष्टुरेन्टमा सम्पन्न भएको अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता वरिष्ठ अधिवक्ता कृष्ण बहादुर हमाल, विशेष अतिथि सुर्खेत जिल्ला अदालतका माननीय न्यायाधिश श्रीमान् वसन्तराज जोशी, नेपाल बार एशोसिएसनका उपाध्यक्ष अधिवक्ता विवसकुमार बस्नेत, नेपाल कानुन व्यवसायी परिषदका पार्षद सदस्य अधिवक्ता मातृकाप्रसाद खनाल, सुर्खेत जिल्ला अदालत बार एशोसिएसनका पुर्व अध्यक्ष वरिष्ठ अधिवक्ता भुषणकुमार मानन्धर, नेपाल कानुन व्यवसायी परिषदका पुर्व पार्षद एवं कर्णाली प्रदेशका पुर्व मुख्य न्यायाधिवक्ता वरिष्ठ अधिवक्ता ध्रुवकुमार श्रेष्ठ रहेका थिए।




अन्य अतिथिहरुमा पुर्व पार्षद अधिवक्ता रामबाबु वि.सी., उच्च बार सुर्खेतका अध्यक्ष अधिवक्ता हिमालयजंग शाही, कर्णाली प्रदेशका पुर्व मुख्य न्यायाधिवक्ता एवं गणतान्त्रिक प्रगतिशिल कानुन व्यवसायी संगठन नेपालका कर्णाली प्रदेश संयोजक अधिवक्ता विद्याभुषण मानन्धर, डेमोक्रेटिक लयर्स एशोसिएसन सुर्खेतका अध्यक्ष अधिवक्ता दुर्गाप्रसाद सापकोटा र कानुन अध्ययन समाज नेपालका कर्णाली प्रदेश संयोजक अधिवक्ता टीकाप्रसाद पोखरेल रहेका थिए।

अध्यक्ष अधिवक्ता राम बहादुर भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त अधिवेशन कार्यक्रमको संचालन सचिव अधिवक्ता खगेन्द्र खनालले गरेका थिए। कार्यक्रमका वक्ताहरुले न्यायपालिका र कानुन व्यवसायी एकअर्काको सहयात्री भएकाले सम्बन्ध सुमधुर हुनुपर्ने कुरामा जोड दिएका थिए।

अदालतमाथी प्रहार हुँदा वा कानुन व्यवसायीहरुलाई पेशा व्यवसाय गरेको आधारमा गरिने आक्रमणमा समेत बारहरु एकताबद्ध रुपमा उभिनुपर्ने कानुन व्यवसायीहरुले आफ्नो दक्षता वृद्धि गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

संयोजक अधिवक्ता गणेश बहादुर वली रहेको निर्वाचन समितिको सदस्यहरुमा अधिवक्ताद्वय रुद्र बहादुर शाही र सीता कुमारी नेपाली रहेका थिए।

उक्त निर्वाचन समितिले अधिवक्ता मोतिराम शर्माको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति र २ जना पार्षद सदस्य निर्वाचित गरेको छ।

उपाध्यक्षमा अधिवक्ता हस्तराज रेग्मी, सचिव अधिवक्ता खगेन्द्र बहादुर खनाल, सहसचिव अधिवक्ता मंगलसेन सार्की, कोषाध्यक्ष अधिवक्ता उपेन्द्र कुमार रावत र सदस्यहरुमा अधिवक्ता रत्न बहादुर भण्डारी, अधिवक्ता प्रकाश कुमार चन्द, अधिवक्ता डम्बर बहादुर थापा, अधिवक्ता नवराज चौलागाई, अधिवक्ता प्रेम बहादुर फडेरा, अधिवक्ता गज बहादुर के.सी., अधिवक्ता सीता गौतम, अधिवक्ता लोकेन्द्र बहादुर शाही निर्वाचित हुनुभएको थियो भने पार्षदहरुमा अधिवक्ता रामबाबु वि.सी. र अभिवक्ता टोप बहादुर वली निर्वाचित भएका छन्।

# राष्ट्रपतिद्वारा संवैधानिक परिषद्‌सम्बन्धी अध्यादेश पुनर्विचारका लागि फिर्ता

काँक्रेविहार संवाददाता
काठमाडौं, २० वैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि फिर्ता पठाएका छन्। उनले यसअघि संघीय संसद्का दुवै सदनले पारित गरेको विधेयक बहुमतीय प्रणालीको अनुकूल नभएको भन्दै फिर्ता गरेका थिए। अहिले पनि त्यस्तै खालको अध्यादेश आएपछि फिर्ता गरेका हुन्।'संविधान र लोकतन्त्रको मर्म र भावनाको रक्षा गर्न र बुहमतीय प्रणालीलाई जिवन्त राख्नका लागि राष्ट्रपतिले अध्यादेश पुनर्विचारका लागि पठाउनुभएको छ' राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले अनलाइनखबरसँग भने। उनले संविधान अनुसार बहुमतले निर्णय गर्ने व्यवस्था कुनै पनि कानुनले खण्डित हुन नहुने अडान विगतमा लिँदै आएका थिए। अहिले पनि



सरकारले अध्यादेश ६ सदस्यीय संवैधानिक परिषद्मा ३ जनाले नै निर्णय गर्न सक्ने प्रावधान राखेर आएपछि राष्ट्रपतिले फिर्ता गरेका हुन्। प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा ६ जना हुन्छन्। प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, प्रमुख प्रतिपक्षी दलका नेता र उपसभामुख सदस्य रहन्छन्।

प्रचलित ऐनमा परिषद्को बैठक बस्न गणपूरक संख्या अध्यक्ष र चारजना सदस्य उपस्थिति अनिवार्य हुनुपर्छ।

यसअघि संसद्ले पारित गरेको विधेयकमा गणपूरक संख्याका चारवटा अवस्था परिकल्पना गरिएको थियो। अध्यक्ष र ५ जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा ३ जना सदस्यसहित ४ जनालाई गणपूरक संख्या मानिने उल्लेख थियो। यदि अध्यक्ष र चारजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा २ जना सदस्यसहित ३ जनाले गणपूरक संख्या पुग्ने उल्लेख थियो।

अध्यक्ष र ४ जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा २ जना सदस्यसहित ३ जना भए गणपूरक संख्या पुग्ने तेस्रो परिकल्पना थियो। अध्यक्ष र ३ जना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा १ जना सदस्यसहित २ जनाले गणपूरक संख्या पुग्ने उल्लेख थियो। संवैधानिक परिषद्का अध्यक्ष र एकजना सदस्य भए पनि संवैधानिक परिषद्को बैठक बस्न सक्ने र नियुक्तिको सिफारिसको निर्णय लिनसक्ने प्रावधान पनि थियो।

यस्तो प्रावधान संविधान र लोकतान्त्रिक मुल्य मान्यताको प्रतिकूल उनले राष्ट्रपतिको धारणा थियो। त्यसैले विधेयक फिर्ता पठाउँदा उनले शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलनलाई संस्थागत गर्ने उद्देश्य संकुचित हुने, सिफारिसमा स्वेच्छाचारिता, कुल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्दछ भन्ने संवैधानिक मान्यता प्रतिकूल हुने व्याख्या राष्ट्रपतिको थियो।

सम्पादकीय

# ट्रायल सेन्टर अलपत्र पार्नेलाई कारवाही गर

सुर्खेतको वीरेन्द्रनगर-७ स्थित खारखोली खोलानजिक निर्माणाधीन सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा केन्द्र (ट्रायल सेन्टर) चार वर्षसम्म पनि अधुरै छ। यो कार्य केवल एउटा पूर्वाधार परियोजनाको ढिलाइ मात्रै होइन, यो राज्य संयन्त्रको गम्भीर असफलताको दर्पण हो। एक वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सुरू गरिएको योजना आजसम्म अलपत्र पर्नुमा प्राकृतिक वा प्राविधिक समस्या भन्दा बढी सम्बन्धित निकायहरूको लापरवाही, कमजोर समन्वय र निर्णयहीनता जिम्मेवार देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माणस्थलको सुनिश्चितता बिना ठेक्का प्रक्रिया अघि बढाउन नपाइने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि पूर्वाधार विकास निर्देशनालयले हतारमा ठेक्का लगाउनु प्रारम्भिक त्रुटि थियो। जग्गा विवाद समाधान नगरी काम सुरू गर्नुले अहिलेको जटिल अवस्था निम्त्याएको छ। यसले केवल प्रक्रियागत कमजोरी मात्र होइन, योजना बनाउने क्रममा देखिएको दूरदृष्टिको अभाव पनि उजागर गर्छ। निर्माण कार्य रोकिनुको मुख्य कारणका रूपमा खोलानजिक बसोबास गर्ने सुकुम्वासी बस्तीलाई देखाइएको छ। तर समस्या यतिमै सीमित छैन। सम्बन्धित निकायहरूले समयमै समन्वय गरी वैकल्पिक व्यवस्थापनको पहल नगर्नु, पटक-पटक गरिएको पत्राचारलाई व्यवहारमा परिणत नगर्नु र आवश्यक निर्णय लिन हिच्किचाउनु समस्यालाई थप जटिल बनाउने कारक बनेका छन्।

यता पूर्वाधार विकास निर्देशनालय सुर्खेतले २१ कार्तिक २०७९ मा सवारी चालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा केन्द्र (ट्रायल सेन्टर) निर्माण गर्न बोलपत्र आह्वान गर्‍यो। यातायात व्यवस्था कार्यालय सुर्खेतका लागि बनाउन लागिएको ट्रायल सेन्टरको ठेक्कामा आवश्यक प्रक्रिया पूरा गरी ११ माघ २०७९ मा खोलिएको बोलपत्रमा एम/एस, एनएस न्यू दीपक जेभी छनोट भयो। पूर्वाधार विकास निर्देशानलयसँग भएको सम्झौता अनुसार १५ असार २०८० सम्म आयोजना सम्पन्न भइसक्नुपर्ने थियो। जसको लागत दुई करोड ३९ लाख ९६ हजार पाँच सय ९७ रूपैयाँमा थियो। निर्देशनालयको तर्फबाट तत्कालिन निमित्त निर्देशक रामसरण आचार्य र निर्माण कम्पनीकातर्फबाट नेत्रबहादुर कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। यस सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, नगरपालिका र प्रदेश सरकारबीचको जिम्मेवारी पन्छाउने प्रवृत्तिले समाधानभन्दा समस्या बढाएको छ। अझ चिन्ताजनक पक्ष के छ भने, यसबीचमा लाखौं रूपैयाँ खर्च भइसक्दा पनि भौतिक प्रगति अत्यन्त न्यून छ। यसले सार्वजनिक स्रोतको प्रभावकारी उपयोगमा प्रश्न उठाएको छ। केही स्थानीयले निजी ट्रायल सेन्टरसँग मिलेमतो गरी सार्वजनिक संरचना निर्माणमा जानाजान ढिलाइ गरिएको आरोप लगाउनु पनि गम्भीर विषय हो। यस्ता आरोपको निष्पक्ष छानबिन हुन नसक्नुले जनविश्वास घटेको छ।

यो प्रकरणले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय अभावलाई स्पष्ट रूपमा देखाएको छ। जग्गा संघीय सरकारको, आयोजना प्रदेश सरकारको र स्थान स्थानीय तहभित्र पर्ने हुँदा तीनै तहबीच जिम्मेवारी स्पष्ट नहुनु र एकले अर्कोलाई दोषारोपण गर्नु संघीय संरचनाको कार्यान्वयनमा देखिएको कमजोरी हो। यदि यस्तै प्रवृत्ति जारी रहने हो भने विकास आयोजनाहरू कागजमै सीमित रहने खतरा बढ्दै जान्छ। समाधानका लागि अब ढिलाइ गर्न मिल्दैन। सुकुम्वासी बस्तीका नागरिकहरूको सम्मानजनक पुनर्वास सुनिश्चित गर्दै, कानुनी प्रक्रिया पालना गरी निर्माण कार्य अघि बढाउनुपर्छ। त्यसका लागि जिल्ला प्रशासन कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ, भने प्रदेश सरकार र नगरपालिकाले सहजिकरणमा सक्रियता देखाउनुपर्छ। साथै अहिलेसम्म भएका खर्च र ढिलाइबारे पारदर्शी छानबिन गरी दोषीमाथि कारबाही गरिनु आवश्यक छ। किनकी ट्रायल सेन्टर निर्माण केवल एउटा भौतिक संरचना निर्माणको विषय होइन, यो नागरिकलाई सहज, सस्तो र पारदर्शी सेवा उपलब्ध गराउने राज्यको दायित्वसँग जोडिएको विषय हो। यदि अझै पनि जिम्मेवार निकायहरू गम्भीर नबन्ने हो भने, यसले केवल एउटा आयोजना होइन, समग्र शासन प्रणालीप्रतिको जनविश्वासलाई नै कमजोर बनाउनेछ।

# पटके सम्पत्ति छानबिन: अन्त्यहीन खाडलतर्फको यात्रा



✍ इन्द्रध्वज क्षेत्री

असामान्य परिस्थितिमा सम्पन्न भएको २०८२ सालको आम निर्वाचनले विस्मयकारी नतिजा दिएको छ। परम्परागत रूपमा देशको शासन सञ्चालनमा दादागिरी गर्दै आइरहेका दलहरू बढारिएर किनारामा पुगेका छन्। केही वर्ष अघि मात्रै गठन भएको दलले करिब दुई तिहाइको प्रचण्ड बहुमतसहित शासनको बागडोर सम्हाल्न पुगेको छ।

कुरा प्रस्ट छ, भदौ २३ र २४ को जेनजी आन्दोलन गत तीन दशकमा प्रमुख भनिएका दलहरूले गरेका कुशासन विरुद्ध आक्रोशको अभिव्यक्ति थियो। जनताबाट मत पाएर जाने, जनताकै करबाट जीविका चलाउने, तलब खाने अनि जनतालाई नै हेप्ने र नागरिक स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने प्रयास विरुद्धको युवा प्रतिकार थियो।

जेनजी आन्दोलनले स्थापना गरेको र त्यसपछिको चुनावी अभियानमा पनि जोडतोडले उठेको प्रमुख मुद्दा हो भ्रष्टाचारको अन्त्य। त्यसका लागि प्रमुख नेता र कर्मचारीहरूको सम्पत्ति छानबिन, राष्ट्रियकरण र दोषीलाई जेल सजाय।

जेनजी आन्दोलनको अपनत्व दाबी गरिरहेको नयाँ दलले त यो अजेन्डा बोक्ने नै भयो, 'सुधारिएको' काँग्रेसले पनि यो अजेन्डा बोक्ने प्रयास गर्‍यो। यसका नवनिर्वाचित सभापति गगन थापाले २०४६ पछि शासनमा पुग्ने सबै उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्ने घोषणा गरे। जनताले पत्याएनन् शायद, अर्को आमसभासम्म पुग्दा त आफू र आफ्ना निवर्तमान सभापति शेरबहादुर देउवाकै सम्पत्ति छानबिनबाट यो काम सुरु गर्ने घोषणा गरे। उनका कुरा जनताले अझै पत्याएनन्, विश्वास राष्ट्रिय स्वतन्त्र पार्टीलाई गरे। भारी बहुमतसहित शासन सञ्चालनको म्यान्डेट दिएर सिंहदरबारको बाटो देखाइदिए।

नवगठित सरकार आफ्नो चुनावी बाचाप्रति प्रतिबद्ध पनि देखिएको छ। उसको १०० बुँदे कार्यसूचीमा देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न १५ दिनभित्र अधिकार सम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने उल्लेख छ। यो समितिले पहिलो चरणमा वि. सं. २०६२/६३ देखि हाल (२०८२/८३) सम्म र दोस्रो चरणमा वि. सं. २०४८ सालदेखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन, प्रमाणीकरण तथा छानबिन गर्ने उल्लेख छ।

जेनजी आन्दोलनकै मर्मअनुसार निजी क्षेत्रका 'ठुला माछा' विरुद्धका 'फाइल खोल्न'तर्फ पनि यो सरकारको प्रारम्भिक तदारुकता देखिएको छ। भ्रष्टाचार र ठगी गर्नेलाई प्रचलित कानुनअनुसार छानबिन गरी दण्डित गर्नु कानूनी शासनको प्रमुख स्तम्भ हो। विगतका सरकारहरूसितको नजिक र संरक्षणमा रहेर राज्यमाथिको पनि राज्य बनिरहेका केही बिचौलियाहरूलाई कारबाही गर्नै पर्छ।

तर, जुन भाष्यमा टेकेर सोलोडोलो सम्पत्ति छानबिनको माग र कदम अगाडि बढाइएको छ, त्यो भने समस्याग्रस्त छ। यो भाष्य अनुसार २०४६ सालपछि शासनमा पुग्ने हरेक नेता वा कर्मचारी भ्रष्ट र घुसखोर हुन्, हरेक उद्योगी व्यवसायी ठग हुन्, तिनलाई तुरुन्त समाउनुपर्छ, सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ र जेल पठाउनुपर्छ। आम जनमानसमा त कानूनी प्रक्रिया पनि पूरा नगरी सिधै जेल ठोकिदिनुपर्छ भन्ने धारणा व्याप्त पाइन्छ।

## निकट विगतको पाठ

नेपालमा २०४६ सालमा प्रजातन्त्र स्थापना भएपछि संसदीय प्रजातन्त्रलाई बदनाम गर्न दरबारलगायत धेरै शक्ति लागेका थिए। एकातर्फ राजदरबारले गुमेको शक्ति फिर्ता पाउने प्रयास गर्दै थियो। अर्कोतर्फ जंगलबाट नेकपा माओवादीले पनि संसदीय लोकतन्त्रविरुद्ध मोर्चा छेडिरहेको थियो। त्यत्तिकैमा २०५८ जेठ १९ को राजदरबार हत्याकाण्डपछि श्रीपेच पहिरेका राजा ज्ञानेन्द्रले लोकतन्त्रलाई बदनाम गरेर सत्ता हत्याउने आकांक्षा पूरा गर्न प्रयास थाले। सोही लुप्त आकांक्षा पूरा गर्ने मोहरा बने प्रधानमन्त्री शेरबहादुर देउवा।

राजाकै डिजाइनअनुसार प्रधानमन्त्री शेरबहादुर देउवाले २०५८ साल फागुन २० मा सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा २०४७ सालपछि सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिनको म्यान्डेट दिएर एक न्यायिक जाँचबुझ आयोग गठन गरे। आयोगलाई प्रधानमन्त्रीदेखि मन्त्री, सांसद, स्थानीय तहका पदाधिकारी लगायत निर्वाचित सबै जनप्रतिनिधिको सम्पत्ति छानबिन गर्ने जिम्मेवारी दिइएको थियो। आयोगको दायरा यति फराकिलो थियो कि शाखा अधिकृत र त्योभन्दा माथिका निजामती कर्मचारी र आयोगले आवश्यक सम्झिएमा अरू तहका कर्मचारी र तिनको परिवारका सदस्यको सम्पत्ति जाँचबुझ गर्न पाउँथ्यो।

प्रतिवेदन बुझ्ने बेलासम्म राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई 'अक्षम' घोषणा गरेर घोक्रेठ्याक लगाइसकेका थिए। तसर्थ, आयोगले १ वर्ष भन्दा बढी समय लगाएर तयार गरेको प्रतिवेदन ४ चैत २०५९ मा तत्कालीन राजा ज्ञानेन्द्रलाई नै बुझायो। प्रतिवेदनमा राजनीतिकर्मी र प्रशासक गरी ८० जनामाथि तत्काल छानबिन प्रारम्भ गर्नुपर्ने र थप ६०१ जनाको शङ्कास्पद आर्जन देखिएकाले अनुसन्धान हुनुपर्ने सिफारिस थियो।

प्रतिवेदन कार्यान्वयनको जिम्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिइयो। त्यसपछि यही प्रतिवेदनलाई टेकेर थप छानबिन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६० सालदेखि २०७३ सालसम्म ६७ जना विरुद्ध भ्रष्टाचारको मुद्दा चलायो।

लम्साल आयोगले करिब ४२ हजार जनालाई सम्पत्ति विवरण भर्न फारम पठाएकोमा साढे ३० हजारले यस्तो विवरण भरेका थिए। उनीहरूमध्ये शङ्कास्पदसमेत भनिएका जोड्दा पनि जम्मा ६८१ जनाले मात्रै अकूत सम्पत्ति कमाएको हुनसक्ने प्रतिवेदनले देखायो। अर्थात् १०० मध्ये २ जनाले मात्रै यस्तो सम्पत्ति जम्मा गरेको हुनसक्ने प्रतिवेदनले औंल्यायो। अनुसन्धान र अभियोजन भएको हेर्ने हो भने त ५०० जनामा एक जनाले मात्रै यस्तो सम्पत्ति जोडेको देखियो। त्यसमध्ये पनि अदालतबाट फैसला भएको हेर्ने हो भने त १००० जनामा एक जना पनि दोषी पाउन सकिन्न।

यो प्रतिवेदन २३ वर्षपछि पनि सार्वजनिक गरिएको छैन। त्यसैले आयोगले डामेका ८० र शङ्कास्पद ठानेका ६०१ को हुन् भन्ने समेत जनताले अहिलेसम्म थाहा पाउन सकेका छैनन्।

यसबाट थाहा हुन्छ उल्लेख्य संख्यामा राजनीतिज्ञ वा कर्मचारीलाई जेल हाल्न पनि सकिएन। उनीहरूको सम्पत्ति जफत गरेर मुलुकको आय उल्लेख्य रूपमा बढाउन पनि सकिएन। अनि उपलब्धि के भयो त? यसका डिजाइनरहरूको उद्देश्य नै नगण्य नेताहरूलाई जेल हाल्ने वा राजस्व बढाउनु थिएन। उनीहरूले त खाली सम्पूर्ण नेता र कर्मचारी भ्रष्ट हुन् भनेर स्थापित गर्ने लक्ष्य राखेका थिए। यसमा उनीहरू सफल पनि भए, जुन भाष्य अहिले पनि जोडतोडले अगाडि बढाइएको छ।

व्यक्तिको सम्पत्तिमाथि धावा बोल्ने यस्ता प्रयासहरू राजनीतिक पुँजी जोड्न र भाष्य निर्धारण गर्न मात्रै काम लाग्छन्। मुलुकको हितमा हुँदैनन्। बरु करदातामाथि थप भार बन्छन्। कल्पना गर्नुस् त भैरव लम्साल आयोगका लागि भएको खर्च, त्यसपछि अख्तियारको समय र खर्च अनि अदालतको समय र खर्च। अनि यस्तो अनाहकको काममा लागेको मुलुकको ध्यान?

कल्पना गर्नुस् त, आजको मितिमा यस्तै अभ्यास गरियो भने के हुन्छ होला? २०४६ पछिका सबैको सम्पत्ति छानबिन गर्ने भनेपछि लम्साल आयोगले छानबिन गरेका व्यक्तिको पनि पुनः छानबिन गर्नुपर्‍यो। यो बिचमा उच्च पदमा पुग्नेहरू दसौं लाखको संख्यामा हुन्छन्। ती सबैको सम्पत्ति कसरी छानबिन गर्ने? अन्तिम निरूपण गर्ने हो भने त तिनको मात्रै गरेर भएन, परिवार र व्यापारिक साझेदारको पनि गर्नुपर्‍यो। २०५८/५९ सालमा त प्रमाणित गर्न नसकिएको अवैध आर्जन अहिले प्रमाणित गर्न कति गाह्रो होला? किनकि भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणका उन्नत उपाय र विधिहरू उपलब्ध छन्। अधिकांश नेता वा कर्मचारीका घरमा एक जनाले मात्रै कमाउँदैनन्, प्रत्येक घरबाट विदेश गएका छन्, सम्पत्ति छानबिन नै गर्ने हो भने विदेशी मुलुकले समेत सहयोग गर्नुपर्ने हुन्छ। निजी सम्पत्तिलाई व्यक्तिको जीवन जत्तिकै मूल्यवान् ठान्ने मुलुकहरूले सम्पत्ति छानबिनको मुद्दामा सहकार्य गर्नु असम्भव जस्तै छ।

अनि के यो जरुरी हो? मुलुक अगाडि बढ्ने हो भने त अझै तीव्र रफ्तारमा आर्थिक वृद्धि कसरी गर्ने, नागरिकको जीवनस्तर कसरी बढाउने, उनीहरूका लागि रोजगारी कसरी सिर्जना गर्ने, विकासको रफ्तार कसरी बढाउनेजस्ता मुद्दाहरूमा ध्यान र समय दिनुपर्ने होइन र? जम्मा दुई दशक अगाडिको यस्तै असफल कदमबाट सिकेर कमसेकम नेपाली काँग्रेस यस्तो लोकरिझ्याइँको जालोमा पर्नुहुन्थेन।

## अन्त्यहीन खाडल

झट्ट हेर्दा सम्पत्ति छानबिनको मुद्दा आकर्षक लाग्छ। तर, यो त्यस्तो अन्त्यहीन खाडलतर्फको यात्रा हो, जहाँबाट फर्किन सम्भवै हुन्न। अहिले त नेता र उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिनको मात्रै माग भएको छ। यसबाट माथि भने भैँ जनताको बदलाको प्यास मेटिनेवाला छैन। अनि फेरि माग उठ्नेछ-निजी क्षेत्रको। किनकि यो भाष्यको पछाडिको तर्क छ, पैसा कमाउने जति सबै भ्रष्ट, ठग र बदमास हुन्। यदि यो सरकारले गरेन भने अर्को प्रियतावादी आउनेछ यही मुद्दा लिएर अर्को चुनावमा।

हालैको चुनावी अभियानको प्रमुख मुद्दा भएकोले निर्वाचन अघि र पछि पनि मैले धेरै मान्छेहरूसँग कुरा गर्दा सम्पत्ति छानबिनबारे उनीहरूको धारणा बुझ्ने कोसिस गरेँ। र जे सुनेँ, त्यसबाट म स्तब्ध छु। यो 'सबै भ्रष्ट' भन्ने भाष्य यति गहिरो गरी फैलिएको छ कि हरेक मान्छेले आफूबाहेक अर्कोले अवैध रूपमा कमाएको ठान्छ। मुलुकभित्र पैसा कमाउने सबै अपराधी, भ्रष्ट वा ठग हुन् भन्ने ठान्छ। जोखिम लिएर उद्यम व्यवसाय गर्ने, जोखिम धेरै भएका काम, व्यवसायहरूमा संलग्न हुने र तुलनात्मक रूपमा छिट्टै धनी हुनेहरूप्रति समाजमा तीव्र घृणा छ।

अधिकांश नेपालीहरू नेताहरूबाट सुरु भएको सम्पत्ति छानबिनलाई बालेन सरकारले वडा सदस्यसम्म पनि बिस्तार गर्छ र आफूले भन्दा ठुलो घर बनाउने वा आफ्नोमा भन्दा राम्रो मार्बल हाल्ने छिमेकीको पनि सम्पत्ति छानबिन गरेर राष्ट्रियकरण गरिदिन्छ भन्ने विश्वासमा छन्। आफ्नो भन्दा राम्रो वा नयाँ गाडी चढ्नेहरूप्रति पनि उसको ईर्ष्या छ। आफूले भन्दा राम्रो स्कुलमा पढाउने छिमेकीप्रति पनि उसको द्वेष छ। उसले आधारभूत विद्यालयको शिक्षकले वा सरकारी कार्यालयको पियनले पनि अकुत सम्पत्ति कमाएको ठान्छ। बिदेसिएका सन्तानबाट सारा पैसा हुन्डीमार्फत पठाउन लगाएर बनाएको घरको बार्दलीमा बसेर छिमेकीतिर औंला ठड्याएर भन्छ-बालेन सरकारले त्यसको पनि सम्पत्ति छानबिन गर्ला नि कुनै दिन।

## सर्प मर्ने, लट्ठी पनि नभाँचिने उपाय

भ्रष्टाचारको न्यूनीकरण र सुशासनका मुद्दा सदाबहार हुन्। निश्चित कालखण्डमा अहिले अस्तित्वमा रहेका सबै दलले यो मुद्दा उठाएरै आफूलाई स्थापित गरेका हुन्।

# सुकुम्वासी बस्तीमा डोजरले भत्काएको मानवीय संवेदना

✍ पवन मुडभरी



काठमाडौँको थापाथलीस्थित बागमती किनार लगायत खोला किनार छेउका सुकुम्वासी बस्तीमा केही दिनअघि चहलपहल थियो। टिनका छाप्रा भए पनि जीवनको एउटा लय थियो। कतै बच्चा रोएको आवाज सुनिन्थ्यो, कतै कसैको भान्छामा दाउरा बलेको गन्ध आउँथ्यो। विद्यालय उमेरका बालबालिका विद्यालय जान्थे, अभिभावकहरु ज्याला मजदुरीलगायत आ-आफ्नो श्रममा जान्थे र खुशीसाथ जिवन बिताइरहेका थिए।

तर, जब राज्यको डोजर सुकुम्वासी बस्तीमा पस्यो उनिहरुको घर मात्रै उजाडिएन। बालबालिकाको पढाईसँगै उनीहरुका सपना र मानसिक शान्ति पनि खरानी भएका छन्।

आफ्नो घर भत्केको हेर्न नसकेर सुकुम्वासी बस्तीमा दुई जनाले आफ्नो प्राण त्यागे। बस्ती भत्काउने सूचना पाउनेबित्तिकै थापाथलीका रविन तामाङले झुण्डिएर प्राण त्यागेका थिए भने घर भत्काएको हेर्न सक्दिनँ भन्दै विरक्तिएका बल्खु सुकुम्वासी बस्तीका इन्द्रबहादुर राईको निष्प्राण शरीर शुक्रबार बल्खु खोलामा भेटिएको थियो।

यस्ता घटनाले यतिबेला बस्ती मात्र होइन, मानवीय संवेदना भएका सबैलाई स्तब्ध बनाएको छ।

## गरिबीमाथि प्रहार कि गरिबमाथि ?

मनोचिकित्सक डा. पद्मप्रसाद घिमिरे यस स्थितिलाई अत्यन्तै भयावह मान्छन्। उनका अनुसार राज्यले 'गरिबी' हटाउनु हुनुपर्नेमा गरिबलाई नै विस्थापित गर्ने बाटो रोज्दा ठूलो मानसिक संकट निम्तिएको छ।

'अहिलेको समयमा शल्यक्रिया गर्नुअघि बिरामीलाई बेहोस बनाएर पीडा कम गरिन्छ,' मनोचिकित्सक डा. पद्मप्रसाद घिमिरे उदाहरण दिँदै भन्छन्, 'तर सुकुम्वासी बस्तीमा चलाइएको अपरेशनमा पीडा कम गर्ने कुनै विधि नै अपनाइएन।

उनीहरूलाई विकल्प नदिई, भोलि कहाँ बस्ने र के खाने भन्ने सुनिश्चितता नै नगरी घर भत्काइयो।'

उनीहरूका लागि त्यो सानो झुप्रो केवल इँटा र जस्ताको थुप्रो थिएन, त्यो त वर्षौंको पसिना र एउटा सुरक्षाको अनुभूति थियो। त्यो आधार नै खोसिएपछि मानिसहरूमा राज्यप्रति चरम आक्रोश र जीवनप्रति नैराश्यता देखिनु स्वाभाविक भएको डा. घिमिरेको विश्लेषण छ।

बस्ती भत्किँदा सबैभन्दा बढी मारमा बालबालिका, सुत्केरी र वृद्धवृद्धा परेका छन्। डा. घिमिरे भन्छन् 'जुन ठाउँमा एउटा बच्चा जन्मियो, हुर्कियो, उसको लागि त त्यही संसार थियो, आफ्नो जन्मघर किन भत्काइयो भन्ने प्रश्नको उत्तर न आमाबाबुसँग छ, न त राज्यसँग।'

> आफ्नै उमेरका साथीहरुसँग खेल्दै बस्तीमा रहेको विद्यालयमा पढ्दै गरेका बालबालिकाको न त विद्यालय र पढाइको टुंगो छ न त बसाइँको। जसले गर्दा उनिहरुमा विभिन्न किसिमका मानसिक समस्याहरु देखा पर्न सक्ने जोखिम रहेको छ।

आफ्नै उमेरका साथीहरुसँग खेल्दै बस्तीमा रहेको विद्यालयमा पढ्दै गरेका बालबालिकाको न त विद्यालय र पढाइको टुंगो छ न त बसाइँको। जसले गर्दा उनिहरुमा विभिन्न किसिमका मानसिक समस्याहरु देखा पर्न सक्ने जोखिम रहेको डा घिमिरेले बताए।

अझ गम्भीर कुरा त, होल्डिङ सेन्टरमा राखिएका सुत्केरी र महिलाहरूको गोपनीयता र स्वास्थ्यको अवस्था हो। एउटै ठाउँमा धेरै मानिस बस्नुपर्ने, शौचालयको असुविधा र सेनेटरी प्याड जस्ता आधारभूत आवश्यकताको अभावले महिलाहरूमा मानसिक तनाव झन् थपिएको छ।

## काउन्सिलिङ मात्रै पर्याप्त छ त ?

सुकुम्वासीहरुलाई राखिएको कीर्तिपुरको राधास्वामी आश्रमस्थित होल्डिङ सेन्टरमा मनोपरामर्शदाता पठाएको दाबी गरिए पनि यो अपूर्ण रहेको डा. घिमिरे बताउँछन्।

'दिगो समाधान बिनाको मनोपरामर्शले मात्र काम गर्दैन,' उनले भने, 'भोलि कहाँ सुत्ने भन्ने ठेगान नभएको मानिसलाई तनाव नलिनुस् भन्नुको कुनै अर्थ रहँदैन। पहिले उसको सुरक्षित बसोबासको ग्यारेन्टी हुनुपर्छ, अनि मात्र परामर्शले काम गर्छ।'

उनका अनुसार परामर्शदाताले दिने सूचनाले मात्र समस्या हल हुँदैन, बरु पीडितहरूमा उल्टै प्रतिकारको भावना आउन सक्छ।

सुकुम्बासी समस्या डोजर र बल प्रयोगले मात्र समाधान हुने विषय नभएको भन्दै मनोचिकित्सक डा. घिमिरेले राज्यले अब ढिला नगरी मानवीय, संवेदनशील र दीर्घकालीन उपाय अपनाउनुपर्ने सुझाव दिन्छन्।

'विकास आवश्यक भए पनि त्यो मानवतामाथि उभिएको हुनुपर्छ, मानवता कुल्चेर हुँदैन,' उनले भने। डा. घिमिरेले सुकुम्बासी व्यवस्थापनका नाममा सेना-प्रहरी परिचालन गरेर आवाज दबाउने प्रवृत्तिले समस्या झन् जटिल बनाउने चेतावनी दिए।

'बल प्रयोगले संरचना हटाउन सकिएला, तर पीडा हट्दैन,' उनले भने, 'राज्यले उनीहरूको आवाज सुन्ने, गुनासा बुझ्ने र मनोसामाजिक रूपमा सम्बोधन गर्ने संयन्त्र निर्माण गर्नुपर्छ।'

उनले सुकुम्बासी व्यवस्थापनको पहिलो सर्त नै विकल्पको सुनिश्चितता हुनुपर्ने उल्लेख गरे। उनले बसोबास हटाउनुअघि प्रभावित परिवारलाई रोजगारी, विद्यालय, स्वास्थ्य सेवा र दैनिक जीविकोपार्जनबाट टाढा नपर्ने गरी व्यवस्थित आवासको स्पष्ट ग्यारेन्टी दिनुपर्नेमा जोड दिए।

डा. घिमिरेले अस्थायी होल्डिङ सेन्टर वा आश्रयस्थलहरूमा पनि परिवारको गोपनीयता, मर्यादा र न्यूनतम मानवीय आवश्यकताको सुनिश्चितता हुनुपर्नेमा जोड दिए। एउटै खुला स्थानमा सयौं मानिसलाई कोचेर राख्ने शैलीले उनीहरूको आत्मसम्मानमा थप चोट पुर्‍याउने उनले बताए।

संवेदनशील विषयमा समयमै मानवीय ध्यान नदिए राज्यप्रति गहिरो अविश्वास, आक्रोश र सामाजिक विद्रोह बढ्न सक्ने चेतावनी पनि उनले दिए।

मनोसामाजिक आघात, अपमानबोध र असुरक्षाले दीर्घकालमा गम्भीर मानसिक स्वास्थ्य समस्या निम्त्याउन सक्ने भन्दै उनले यसलाई केवल आवास वा संरचनाको मुद्दा नभई सार्वजनिक मानसिक स्वास्थ्यको प्रश्नका रूपमा हेर्न आग्रह गरे।

# संघीय निजामती विधेयकविरूद्ध स्थानीय तहका कर्मचारी आन्दोलित

काँक्रेविहार संवाददाता
जुम्ला, २० वैशाख


स्थानीय सेवा कर्मचारी सञ्जाल नेपालले संघीय निजामती सेवा विधेयकमा विभेदपूर्ण प्रावधान समेटिएको आरोप लगाउँदै देशभरका सात सय ५३ वटै स्थानीय तहमा कार्यरत कर्मचारीलाई एक साता प्रतीकात्मक आन्दोलनमा उत्रिन आह्वान गरेको छ।

सञ्जालले भोलि सोमबारदेखि लागू हुने गरी कर्मचारीहरूलाई परम्परागत निजामती पोसाक नलगाई अन्य औपचारिक (फर्मल) पोसाकमा कार्यालय उपस्थित भई नियमित कामकाज गर्न अनुरोध गरेको हो।

यो आन्दोलन सरकारलाई दबाब दिन र आफ्ना मागप्रति गम्भीर बनाउन लक्षित रहेको सञ्जालले स्पष्ट पारेको छ।

सञ्जालका अनुसार संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको साझा मार्गनिर्देशन गर्ने मूल कानुनका रूपमा रहेको संघीय निजामती सेवा ऐन लामो समयदेखि जारी हुन नसक्दा समग्र प्रशासनिक प्रणालीमा अन्योल र असन्तुलन बढ्दै गएको छ।

सञ्जालले उल्लेख गरेअनुसार लोकसेवा आयोग तथा सातै प्रदेशका लोकसेवा आयोगमार्फत समान प्रकृतिका विज्ञापनबाट सरकारी सेवामा प्रवेश गरेका स्थानीय तहका कर्मचारीहरू अहिले सेवासुविधा, सेवासुरक्षा, पदोन्नति र वृत्ति विकासका



विषयमा अन्योलमा परेका छन्।

एउटै प्रकृतिको प्रतिस्पर्धाबाट नियुक्त भए पनि व्यवहारमा उनीहरूबीच ठूलो विभेद रहेको सञ्जालको ठहर छ। संघीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदाको अध्ययनपछि सञ्जालले गम्भीर असन्तुष्टि व्यक्त गरेको छ।

सञ्जालका अनुसार उक्त मस्यौदाले विगतका कमजोरीहरू सुधार गर्नुको सट्टा अझै संस्थागत गर्ने खतरा देखिन्छ।

विशेषगरी स्थानीय तहका कर्मचारीलाई स्पष्ट पहिचान नदिने, सरुवा तथा पदस्थापन प्रक्रियामा अत्यधिक राजनीतिक हस्तक्षेपको सम्भावना बढाउने तथा संघ, प्रदेश र स्थानीय तहका कर्मचारीबीच सेवासुविधा, सेवासुरक्षा र वृत्ति विकासमा असमानता कायम राख्ने प्रावधानहरू समावेश गरिएको दाबी गरिएको छ।

सञ्जालका संयोजक दीपक गौतम र महासचिव दीपक सिंह धामीद्वारा जारी संयुक्त विज्ञप्तिमा यस्ता प्रावधानहरूले स्थानीय तहका कर्मचारीको मनोबल कमजोर पार्ने मात्र होइन, सेवा प्रवाहको गुणस्तरमा समेत गिरावट ल्याउने चेतावनी दिइएको छ।

उनीहरूले दीर्घकालीन रूपमा यसले समग्र प्रशासनिक संयन्त्रलाई कमजोर बनाउने जोखिम रहेको उल्लेख गरेका छन्। सञ्जालले यसअघि पनि आफ्ना मागप्रति सरकारको ध्यानाकर्षण गराउन विभिन्न आन्दोलनका कार्यक्रम सञ्चालन गरेको स्मरण गराएको छ।

२०८० असोज १४ देखि २७ गतेसम्म काठमाडौँ केन्द्रित १४ दिने सडक आन्दोलनपछि सरकारसँग १९ बुँदे सम्झौता भएको थियो। तर उक्त सम्झौताका बुँदाहरू कार्यान्वयन नभएको भन्दै सञ्जालले असन्तुष्टि जनाउँदै आएको छ।

सरकारले हाल संघीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदामा सुझाव मागेपछि सञ्जालले देशभरका स्थानीय तहमा कार्यरत कर्मचारीहरूबाट व्यापक रूपमा सुझाव संकलन गरी पेश गरेको जनाएको छ।

ती सुझावहरूमा स्थानीय तहका कर्मचारीको हकहित सुनिश्चित गर्ने, सेवासुरक्षा मजबुत बनाउने, समान अवसर सुनिश्चित गर्ने र तीनै तहका कर्मचारीबीच समन्वय र समानता कायम गर्ने विषयहरू समेटिएको सञ्जालले बताएको छ।

सञ्जालले आफ्ना सुझावहरूलाई अनिवार्य रूपमा ऐनमा समावेश गर्न माग गर्दै यो कानुनलाई तीनै तहका कर्मचारीका लागि न्यायोचित, समावेशी र मार्गदर्शक बनाइनुपर्नेमा जोड दिएको छ।

उनीहरूले संघीय संरचनाअनुसार सन्तुलित र स्पष्ट कानुनी व्यवस्था नभएसम्म कर्मचारी प्रशासन प्रभावकारी हुन नसक्ने तर्क गरेका छन्।

आन्दोलनको पहिलो चरणअन्तर्गत वैशाख २१ गतेदेखि एक सातासम्म देशभरका स्थानीय तहमा कार्यरत कर्मचारीहरूले निजामती पोसाक प्रयोग नगरी अन्य औपचारिक पोसाकमा कार्यालय उपस्थित हुने कार्यक्रम तय गरिएको छ।

सञ्जालले यस अवधिमा पनि सेवा प्रवाहलाई अवरोध नपुग्ने गरी कामकाजलाई निरन्तरता दिने जनाएको छ। यदि आफ्ना मागहरू सम्बोधन नभएमा आगामी दिनमा थप कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने संकेतसमेत सञ्जालले दिएको छ।

सञ्जालका नेताहरूले सरकारसँग संवादमार्फत समाधान खोज्न तयार रहेको जनाउँदै मागहरूलाई बेवास्ता गरिए आन्दोलन थप सशक्त बनाइने चेतावनी दिएका छन्।

स्थानीय तहका कर्मचारीहरूको यो कदमले संघीय प्रशासनिक संरचनाभित्र देखिएका समस्या र असन्तुलनलाई पुनः बहसको केन्द्रमा ल्याएको छ। अब सरकारको प्रतिक्रिया र आगामी कदमले यो विवादको दिशा तय गर्ने अपेक्षा गरिएको छ।

# वन आगलागीले खानेपानी आपूर्ति ठप्प



काँक्रेविहार संवाददाता
सल्यान, २० वैशाख

सल्यान जिल्लाको बनगाड कुपिण्डे नगरपालिका-११ पाँचरे क्षेत्रमा लागेको डढेलोका कारण स्थानीय बासिन्दा गम्भीर खानेपानी संकटमा परेका छन्।

तीन दिनदेखि निरन्तर फैलिएको आगलागीले वन क्षेत्र मात्र नभई खानेपानी आपूर्ति प्रणालीमा समेत क्षति पुऱ्याएको छ।

स्थानीयका अनुसार डढेलोका कारण खानेपानीका मुख्य पाइप जलेर नष्ट भएका छन्, जसले गर्दा बस्तीमा पानी आपूर्ति पूर्ण रूपमा अवरुद्ध भएको छ। गर्मीयामसँगै बढेको पानीको मागबीच पाइपलाइन बिग्रिँदा दैनिक जीवन कष्टकर बनेको छ।

स्थानीय बासिन्दाहरूले टाढा-टाढाबाट पानी बोकेर ल्याउन बाध्य भएको स्थानीय सामाजिक अभियन्ता राजेन्द्र विक (राजन) ले जानकारी दिए।

उनका अनुसार आगो नियन्त्रणका लागि स्थानीयवासी, सुरक्षाकर्मी तथा स्वयंसेवकहरू खटिए पनि अझै पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

भौगोलिक विकटता, हावाहुरी र पर्याप्त स्रोत-साधनको अभावका कारण आगो निभाउन कठिनाइ भइरहेको उनी बताउँछन्।

यसबारे जनप्रतिनिधि तथा सम्बन्धित निकायलाई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका छौं' उनले भने, 'वडा अध्यक्ष, नगर प्रमुख, प्रदेश सभा सदस्य तथा अन्य सरोकारवाला पक्षलाई समन्वय गरी खानेपानी समस्या समाधानमा अग्रसर हुन अपिल छ।

आगो नियन्त्रणसँगै वैकल्पिक रूपमा नयाँ पाइपलाइन जडान गरी घर-घरमा पानी उपलब्ध गराउन ढिलाइ गर्न नहुने उनले बताए। स्थानीय तहले आपतकालीन योजना अन्तर्गत पानी ट्यांकर वा अस्थायी वितरण प्रणाली सञ्चालन गर्नुपर्ने माग पनि उठाइएको छ।

डढेलोका कारण वन क्षेत्रमा व्यापक क्षति पुगेको अनुमान गरिएको छ भने वातावरणीय असर पनि बढ्दै गएको छ। सम्बन्धित निकायले शीघ्र आगो नियन्त्रण र खानेपानी आपूर्ति पुनःस्थापनाका लागि आवश्यक स्रोत परिचालन गर्नुपर्ने स्थानीयको जोड छ।

यता गाउँपालिकाले पनि खानेपानी समस्या समाधानका आवश्यक सहयोग गर्ने आश्वासन दिएको छ। भने आगलागीपछि अवरुद्ध खानेपानी सञ्चालन गर्ने कोसिस गरे पनि स्थानीयवासीलाई सकस परेको छ।

भने डिभिजन वन कार्यालय सल्यानका सूचना अधिकारी ललितजंग खड्काका अनुसार जिल्लाका ५१ वनमा लागेको डढेलोले दुई हजार ७८०.६८ हेक्टर वनमा क्षति पुगको छ। सल्यानमा सल्लाको जंगल भएकाले पनि डढेलोको जोखिम बढिरहेको उनले बताए।

उनका अनुसार आगलागी नियन्त्रणका लागि सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ता र आमनागरिकलाई सचेतनामूलक कार्यक्रम गर्दै आएको उनी बताउँछन्।

# बाढीले बस्ती र पूर्वाधारमा व्यापक क्षति



काँक्रेविहार संवाददाता
जाजरकोट, २० वैशाख

गत वैशाख १३ गते ठुलो मात्रामा परेको असिनापानी र त्यससँगै आएको बाढीले जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ठूलो जनधनको क्षति पुऱ्याएको छ।

निरन्तर परेको असिना र अविरल वर्षापछि आएको बाढीले विशेषगरी किसानहरूले लगाएको गहुँबाली भित्र्याउने तयारी भइरहेका बेला पूर्ण रूपमा नष्ट गरिदिएको छ।

स्थानीय कृषकहरूलाई गम्भीर आर्थिक संकटमा धकेलेको छ। गाउँपालिका अध्यक्ष बेदबहादुर शाहीका अनुसार जुनीचाँदे गाउँपालिकाका सबै वडामा गरिएको गहुँ खेतीमा व्यापक क्षति पुगेको छ। वडा नम्बर चार देखी १० र ११ मा सबैभन्दा बढी असर परेको उनले बताए। उनका अनुसार यस वर्षको विपद्ले खाद्य सुरक्षामा गम्भीर चुनौती सिर्जना गरेको छ र समयमै राहत तथा पुनःस्थापना नभए भोकमरीको जोखिम समेत बढ्न सक्ने अवस्था देखिएको छ। बाढीका कारण गाउँपालिकाका विभिन्न वडाहरू जोड्ने ग्रामीण सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएका छन्। अध्यक्ष शाहीका अनुसार कम्तीमा पाँच वडामा सडक सम्पर्क टुटेको छ, जसले गर्दा सवारी साधन सञ्चालन ठप्प भएको छ। स्थानीय बासिन्दाहरू दैनिक आवतजावतका लागि पैदल हिँड्न बाध्य भएका छन् भने मोटरसाइकल समेत सञ्चालन गर्न नसकिने अवस्था रहेको छ। यसले आपतकालीन सेवा तथा राहत सामग्री ढुवानीमा समेत समस्या उत्पन्न गरेको छ।

प्राकृतिक विपद्को प्रभाव बस्तीहरूमा पनि गम्भीर रूपमा देखिएको छ। वडा नम्बर ३ स्थित सानोखोलामा बाढीले सात वटा घरमा ठूलो क्षति पुऱ्याएको छ।

ती घरहरू बस्न अयोग्य बनेपछि प्रभावित परिवारहरू हाल आफन्तको घर वा अस्थायी टहरामा बस्न बाध्य भएका छन्। त्यस्तै, वडा नम्बर १० को देउसुले बस्तीमा समेत बाढी पसेपछि स्थानीय बासिन्दाहरू त्रसित अवस्थामा छन्। यसका साथै वडा नम्बर ८ मा रहेको स्वास्थ्य चौकी र वडा कार्यालयमा समेत बाढीले क्षति पुऱ्याएको छ, जसले आधारभूत सेवा प्रवाहमा अवरोध सिर्जना गरेको छ। गाउँपालिका अध्यक्ष शाहीले क्षतिको यथार्थ विवरण संकलन गर्न कार्यपालिका बैठकमार्फत विस्तृत मूल्याङ्कन प्रक्रिया अघि बढाइने जानकारी दिएका छन्।

उनले प्रभावित क्षेत्रमा तत्काल राहत, खाद्यान्न र पुनःस्थापना कार्यक्रम आवश्यक रहेको बताएका छन्। यसैबीच, जाजरकोटबाट निर्वाचित प्रतिनिधिसभा सदस्य खडकबहादुर बुढाले प्रभावित क्षेत्रमा राहत उपलब्ध गराउन सरकार र सम्बन्धित निकायसँग समन्वय भइरहेको बताएका छन्।

उनले बाढीबाट क्षतिग्रस्त सडक, खानेपानी, घर, अन्नबाली तथा पशुचौपायाको विस्तृत विवरण संकलन गरी राहत वितरण र पुनःनिर्माण प्रक्रिया अघि बढाइने जानकारी दिए। सांसद बुढाले आफु स्वयं पनि प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्न र राहत सामग्रीसहित जाजरकोट जाने तयारीमा रहेको बताए। उनले विपद्बाट प्रभावित नागरिकहरूको सहयोगका लागि सबै सरकारी निकाय, संघसंस्था, स्थानीय तह र सरोकारवालालाई एकजुट भएर अघि बढ्न आग्रह गरेका छन्।

स्थानीय बासिन्दाहरूले भने तत्काल राहत, खाद्यान्न, अस्थायी आवास र पूर्वाधार पुनःनिर्माणमा सरकारको सक्रियता आवश्यक रहेको बताएका छन्।

प्राकृतिक विपद्ले कृषिमा निर्भर समुदायलाई ठूलो धक्का दिएको भन्दै दीर्घकालीन समाधानका लागि जोखिम न्यूनीकरण र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

# सीमामा कडाइपछि व्यापारमा बृद्धि

काँक्रेविहार संवाददाता
जाजरकोट, २० वैशाख

भारतबाट सय रुपैयाँ भन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने नियमलाई सरकारले कडाइका साथ लागू गरेपछि सीमावर्ती क्षेत्रको व्यापारिक गतिविधिमा उल्लेखनीय परिवर्तन देखिएको छ।

वैशाखको सुरुदेखि लागू गरिएको यस व्यवस्थाले सीमापारी किनमेल गर्ने नेपाली उपभोक्ताको संख्या घटाएको छ भने नेपालतर्फका स्थानीय बजारमा व्यापार बढ्न थालेको छ।

नाकामा निगरानी कडा बनाइएपछि भारतीय बजार रुपैडिहामा ग्राहकको चहलपहल ह्वात्तै घटेको छ। पहिले दैनिक रूपमा किनमेलका लागि सीमापारि जाने उपभोक्ताहरू अहिले घटेपछि त्यहाँका व्यवसायीहरू व्यापारमा ठूलो गिरावट आएको बताउँछन्।

अर्कोतर्फ, नेपालगन्जलगायत सीमावर्ती नेपाली बजारमा भने व्यापार विस्तार हुँदै गएको व्यवसायीहरू बताउँछन्। नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंक धामीका अनुसार वैशाख दुई गतेदेखि नियमको कडाइपूर्वक कार्यान्वयन भएपछि स्थानीय बजारमा सकारात्मक प्रभाव परेको छ।

उनका अनुसार यसले नेपालतर्फको व्यापार बढाएको मात्र नभई सीमापारी निर्भरता पनि घटाएको छ। यसअघि बाँके मात्र नभई दाङ, बर्दिया र सुर्खेतबाट समेत उपभोक्ताहरू दैनिक रूपमा रुपैडिहा पुगेर खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा लगायतका सामग्री खरिद गर्ने गरेका थिए।

अहिले सरकारी निर्णय कार्यान्वयनमा आएपछि ती उपभोक्ताहरू नेपाली बजारमै फर्किन थालेका छन्। नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अब्दुल वाहीद मन्सुरीले लामो समयदेखि माग गर्दै आएको नीति लागू भएपछि स्थानीय व्यापारमा राहत मिलेको बताए।



स्थानीय व्यापारीहरूले पनि व्यापारमा सुधार आएको अनुभव गरेका छन्। नेपालगन्ज उपमहानगरपालिका तिन का कपडा व्यवसायी केदार गुप्ताका अनुसार पछिल्लो समय ग्राहकको आगमन उल्लेखनीय रूपमा बढेको छ।

उपभोक्ताहरू सीमापारि जानुभन्दा स्थानीय बजारमै किनमेल गर्न थालेका कारण व्यापार विस्तार भएको उनले बताए। यस निर्णयलाई अधिकांश व्यवसायीले सकारात्मक रूपमा लिएका छन्। उनीहरूका अनुसार खुला सीमा र कमजोर निगरानीका कारण पहिले ठूलो मात्रामा रकम बाहिरिने गरेको थियो, जसले स्थानीय व्यापारमा नकारात्मक असर पारेको थियो। अहिले भने उक्त प्रवृत्तिमा कमी आएको छ। यता, रुपैडिहाका व्यवसायीहरू भने ग्राहक घटेपछि चिन्तित देखिएका छन्।

उनीहरूका अनुसार नेपाली ग्राहकको अभावले व्यापार आधाभन्दा बढी घटेको छ। पहिले अत्यधिक भीड हुने बजार अहिले सुनसान जस्तै बनेको उनीहरूको भनाइ छ। भन्सार कडाइसँगै राजस्व संकलनमा पनि वृद्धि भएको छ।

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलका अनुसार जमुनाहा नाकामा रहेको यात्रु शाखाबाट दैनिक राजस्व असुली उल्लेखनीय रूपमा बढेको छ।

वैशाख दुई गतेअघि दैनिक करिब दुई लाख ५० हजार रुपैयाँ संकलन हुने गरेकोमा अहिले तीन लाखदेखि तीन लाख ७५ हजार रुपैयाँसम्म पुग्न थालेको उनले जानकारी दिए।

यद्यपि, स्थानीय सरोकारवालाहरूले यससँगै अवैध तस्करी र अनौपचारिक आयात नियन्त्रणमा पनि ध्यान दिनुपर्ने बताएका छन्।

नेपालगन्जका नागरिक अगुवा हेमन्तराज काफ्लेले सर्वसाधारणलाई कडाइ गर्ने मात्र नभई व्यवसायिक तस्करीलाई पनि पूर्ण रूपमा रोक्नुपर्नेमा जोड दिए।

त्यस्तै, उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले खुला सीमाका कारण हुने अवैध आयातले वैध व्यवसाय र उपभोक्ता दुवैलाई असर गर्ने भएकाले कडाइ आवश्यक रहेको बताए।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङ्ले भने अवैध तस्करी नियन्त्रणका लागि सुरक्षा निकाय सक्रिय रहेको जानकारी दिएका छन्।

उनका अनुसार पछिल्लो समय दैनिक रूपमा अवैध सामान बरामद हुने क्रम बढेको छ र बजार अनुगमनलाई समेत कडाइका साथ अघि बढाइनेछ।

सरकारको यो कदमले एकातर्फ स्थानीय बजारलाई चलायमान बनाएको छ भने अर्कोतर्फ सीमापारि निर्भरता घटाउने संकेत देखिएको छ।

तर, दीर्घकालीन रूपमा प्रभावकारी बनाउन अवैध कारोबार नियन्त्रण र नीतिको निरन्तर कार्यान्वयन आवश्यक देखिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# बजेट खर्चमा कमजोर, २५ प्रतिशत मात्र प्रगति

❐ काँक्रेविहार संवाददाता
धनगढी, २० वैशाख

सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म करिब २५ प्रतिशत मात्र बजेट खर्च गरेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढीका अनुसार कुल ३३ अर्ब ४३ करोड २१ लाख रुपैयाँ विनियोजनमध्ये हालसम्म आठ अर्ब २९ करोड रुपैयाँ मात्र खर्च भएको हो, जुन २४.८२ प्रतिशत हो।




आर्थिक वर्ष सकिन साढे दुई महिना मात्र बाँकी रहँदा करिब ७५ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाब सरकारमाथि परेको छ। यस अवधिमा झन्डै २५ अर्ब रुपैयाँ खर्च गर्नुपर्ने अवस्था रहेको छ।

खर्च संरचनामा हेर्दा चालु खर्च तुलनात्मक रूपमा बढी देखिएको छ भने पुँजीगत खर्च निकै कमजोर रहेको छ। चालुतर्फ १३ अर्ब ५८ करोड विनियोजनमध्ये चार अर्ब ६९ करोड रुपैयाँ खर्च भएको छ, जसको प्रगति ३४.५६ प्रतिशत हो।

तर पुँजीगततर्फ १९ अर्ब ८३ करोडमध्ये केवल १८.१६ प्रतिशत मात्र खर्च भएको छ। सबैभन्दा ठूलो बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयको अवस्था पनि कमजोर देखिएको छ।

१५ अर्ब २८ करोड बजेटमध्ये हालसम्म ३ अर्ब २२ करोड मात्र खर्च भएको छ, जुन २१ प्रतिशत हो। यसले सडक, पुल तथा अन्य पूर्वाधार निर्माणका काम सुस्त रहेको संकेत गरेको छ।

दोस्रो ठूलो बजेट भएको सामाजिक विकास मन्त्रालयले आठ अर्ब ९४ करोडमध्ये दुई अर्ब २४ करोड खर्च गर्दै ३२.५१ प्रतिशत प्रगति गरेको छ।

यद्यपि यस मन्त्रालयमा पनि पुँजीगत खर्च न्यून रहेको छ। त्यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १७.५ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २६ प्रतिशत र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २० प्रतिशत मात्र बजेट खर्च गरेका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खर्च २९ प्रतिशत र आर्थिक मामिला मन्त्रालयको ३४ प्रतिशत रहेको छ। संवैधानिक निकायमध्ये प्रदेश व्यवस्थापिकाको खर्च ५३.२१ प्रतिशत पुगेको छ भने अन्य निकायहरूको प्रगति तुलनात्मक रूपमा मध्यम छ।

स्थानीय तहलाई हस्तान्तरण गरिएको तिन अर्ब ६३ करोडमध्ये करिब ३३.८५ प्रतिशत खर्च भएको छ। तर वित्तीय व्यवस्था तथा अर्थ विविध शीर्षकको बजेट हालसम्म खर्च हुन नसकेको देखिएको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख वासुदेव जोशीका अनुसार योजना छनोट, टेन्डर प्रक्रिया, प्रशासनिक ढिलाइ, लागत अनुमानको जटिलता र केही नीतिगत निर्णयका कारण बजेट खर्चमा ढिलाइ भएको हो।

विशेषज्ञहरूका अनुसार आर्थिक वर्षको अन्त्यतिर हतारमा बजेट खर्च गर्ने प्रवृत्तिले कामको गुणस्तरमा असर पार्ने र विकास योजनाको प्रभावकारिता कमजोर हुने जोखिम रहेको छ।

# प्रदेशभर लागुऔषध समस्या गम्भीर

❐ काँक्रेविहार संवाददाता
बैतडी, २० वैशाख

सुदूरपश्चिम प्रदेशमा लागुऔषध ओसारपसार र प्रयोगका घटनाहरू तीव्र रूपमा बढ्दै गएको तथ्याङ्क सार्वजनिक भएको छ।




प्रदेश प्रहरी कार्यालयका अनुसार औसतमा हरेक तीन घण्टामा दुई जना लागुऔषध सम्बन्धी कसुरमा पक्राउ पर्ने गरेका छन्, जसअनुसार दैनिक १० जनाभन्दा बढी युवा नियन्त्रणमा पर्ने गरेका छन।

प्रहरीका अनुसार पक्राउ पर्नेमा अधिकांश १६ देखि ३५ वर्ष उमेर समूहका युवा छन्। खुला सिमाना भएका बैतडी, दार्चुला, डडेलधुरा, कञ्चनपुर र कैलाली जिल्लामा लागुऔषध ओसारपसार प्रमुख चुनौतीका रूपमा देखिएको छ।

खैरो हेरोइन, चरेस र गाँजाको कारोबार बढी हुने गरेको प्रहरी तथ्याङ्कमा उल्लेख छ। प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पदम बहादुर विष्टका अनुसार लागुऔषधसँगै आर्थिक अपराध र आत्महत्याका घटना पनि बढिरहेका छन्।

उनले दैनिक रूपमा औसत आठ देखि १० ग्रामसम्म लागुऔषध बरामद हुने गरेको जानकारी दिएका छन्। गत चैत महिनामा मात्रै प्रदेशभर ६९ वटा लागु औषध सम्बन्धी मुद्दा दर्ता भएका थिए भने एक सय जना पुरुष र आठ जना महिलामाथि मुद्दा चलाइएको प्रहरीले जनाएको छ। बढ्दो समस्यालाई ध्यानमा राख्दै प्रहरीले प्रदेशभर लागुऔषधविरुद्ध विशेष अभियान सञ्चालन गरिरहेको छ। यसअन्तर्गत अवैध गाँजा खेती नष्ट गर्ने, विद्यालय तथा क्याम्पसमा सचेतना कार्यक्रम सञ्चालन गर्ने र समुदायसँग भेटघाट गर्ने काम भइरहेको छ।

यसैबीच, सुदूरपश्चिम प्रदेशमा गरिबी र बेरोजगारी पनि अर्को ठूलो चुनौतीका रूपमा देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको जीवनस्तर सर्वेक्षण अनुसार प्रदेशको गरिबी दर ३४.१६ प्रतिशत पुगेको छ, जुन देशमै सबैभन्दा उच्च हो।

बैतडी जिल्लामा मात्र गरिबी दर ४८.६५ प्रतिशत रहेको तथ्याङ्क छ। जिल्लाका शिवनाथ गाउँपालिका (६४.०७ प्रतिशत) र सिगास गाउँपालिका (६६.८७ प्रतिशत) देशका अत्यधिक गरिब स्थानीय तहभित्र परेका छन्।

करिब दुई लाख ४१ हजार जनसंख्या रहेको बैतडीमा एक लाख १७ हजारभन्दा बढी नागरिक गरिबीको अवस्थाबाट प्रभावित छन्।

सामाजिक अभियन्ता महेशदत्त भट्टका अनुसार स्थानीय तह र प्रदेश सरकारले रोजगारी सिर्जना गर्न नसक्दा युवा वर्गमा निराशा बढेको छ, जसको असर लागुऔषध दुर्व्यसनतर्फ आकर्षणका रूपमा देखिन थालेको छ।

विशेषज्ञहरूका अनुसार गरिबी, बेरोजगारी र सीमावर्ती खुला आवागमनको संयुक्त असरले सुदूरपश्चिममा लागुऔषध समस्या थप गम्भीर बन्दै गएको छ।

यसलाई नियन्त्रण गर्न सुरक्षा कारबाहीसँगै सामाजिक र आर्थिक सुधारका कार्यक्रम आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ।

## ४ मन्त्रालय ...

मन्त्रालयलाई एकीकृत गरेर लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय नाम दिइने तयारी सरकारको छ। खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई छुट्टाइनेछ, जसलाई लगेर स्वास्थ्य मन्त्रालयमा गाभ्ने तयारी छ। त्यस्तै, खानेपानी र शहरी विकासलाई भौतिक पूर्वाधार मन्त्रालयलाई गाभिनेछ, जसको नयाँ नाम एकीकृत भौतिक पूर्वाधार मन्त्रालय रहने छ। 'त्यस्तै, भौतिक मन्त्रालयबाट छुट्टाएर यातायातलाई श्रमतिर लैजाने आन्तरिक तयारी छ,' स्रोतले भन्यो, 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्रीमातहत लगिने छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिबी, सञ्चार मन्त्रालयबाट सूचना-प्रविधि, शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि झिकेर प्रधानमन्त्री मातहत लाने तयारी छ। कार्यदलले गरेको प्रस्तावअनुसार यी काम हुन लागेको हो।'आफ्नो सय दिने वाचा अनुसार सरकारले मन्त्रालयको संख्या १७ वटामा सीमित गराउँदै थप जिम्मेवारी प्रधानमन्त्री कार्यलय अन्तर्गत तान्ने तयारी गरेको प्रधानमन्त्री कार्यालयका एक सदस्यले बताए। सरकारले जारी गरेको सय बुँदे प्रशासनिक सुधारका बुँदामा पनि संघीय मन्त्रालयको संख्या घटाउने उल्लेख थियो।

सोही सुधारका बुँदा कार्यान्वयन गर्दै सरकारले यस्तो कार्य गर्न लागेको हो।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/२१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री घनश्याम गिरी** धनी रहेको, **दर्ता नम्बर** १०४८८ बाट **वीरेन्द्रनगर न.पा.-१ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गिरी कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# रैथाने उत्पादनलाई GI ट्यागमार्फत विश्वबजारमा पुर्‍याउने पहल

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २० वैशाख

कर्णाली प्रदेशका परम्परागत बाली तथा स्थानीय उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्ने लक्ष्यसहित 'भौगोलिक सङ्केत' (GI) प्रदान गर्ने प्रक्रिया अघि बढाइएको छ।

विशेष भौगोलिक क्षेत्रसँग जोडिएका उत्पादनलाई सोही स्थानको पहिचान मार्फत कानुनी रूपमा ब्रान्डिङ गर्ने उद्देश्यले यो अभियान सुरु गरिएको हो।



यस पहललाई सफल बनाउन अन्तर्राष्ट्रिय सहकार्यसमेत विस्तार गरिएको छ। संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (FAO) ले सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सहकार्य गर्दै आवश्यक कानुनी संरचना निर्माण र जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिरहेको छ।

सुर्खेतमा आयोजित प्रादेशिक सचेतना कार्यक्रममा विज्ञहरूले जुम्ली मार्सी धान, स्याउ, टिमुर तथा विभिन्न जडीबुटीलाई (GI) ट्याग प्रदान गरी विश्वबजारमा प्रवर्द्धन गर्न सकिने बताएका छन्।

भौगोलिक सङ्केतको कार्यान्वयनले कर्णालीका उत्पादनलाई विशिष्ट पहिचान दिलाउनुका साथै तिनको मूल्य अभिवृद्धि र उपभोक्ता विश्वास बढाउने अपेक्षा गरिएको छ।

यसले कृषकका उत्पादनलाई बौद्धिक सम्पत्तिको रूपमा कानुनी संरक्षण प्रदान गर्नेछ। साथै, बिचौलियाको प्रभाव घट्दै प्रत्यक्ष निर्यातको सम्भावना बढ्ने र कृषकको आम्दानीमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

GI मान्यता प्राप्त भएपछि निर्यात प्रक्रिया पनि सहज हुने बताइएको छ। प्रारम्भिक चरणमा कर्णालीका तीनदेखि चार प्रमुख उत्पादनलाई नमुना परियोजनाका रूपमा छनोट गरिने योजना छ।

टिमुर, ओखर, स्याउ, अदुवा, बेसार, आलु, जडीबुटी तथा मार्सी धानजस्ता बालीहरू (GI) ट्यागका सम्भावित दाबेदारका रूपमा पहिचान गरिएका छन् ।

कार्यक्रममा सहभागी कृषक र व्यवसायीहरूले रैथाने बालीहरू लोप हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै संरक्षणसँगै प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

उत्पादन भए पनि उचित बजारीकरण र प्रशोधनको अभावले अपेक्षित लाभ लिन नसकिएको उनीहरूको गुनासो छ। सरकारले यो नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा कर्णालीका अर्गानिक उत्पादनले अन्तर्राष्ट्रिय बजारमा बलियो उपस्थिति बनाउने र स्थानीय अर्थतन्त्रमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)